कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०६/०८ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरूको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमन गरि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारवाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्वन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|
| १. | भेटघाट भोजनालय एण्ड खाजा घर, काठमाडौं-३२, जडिबुटी | • सरसफाइको अवस्था सन्तोष जनक पाइएको<br>• खाद्य वस्तु नछोपी राखेको<br>• Pest Control सन्तोष जनक नपाइएको | • सरसफाइमा सुधार गर्ने, Pest Control सुधार गर्ने र खाद्य स्वच्छता कायम गरि संचालन गर्न निर्देशन दिएको। |
| २. | जनरल डिस्ट्रिब्युटर्स प्रा.लि., कागेश्वरी मनोहरा-०९ | • भण्डारण र सरसफाइ सामान्य पाइएको<br>• म्याद गुज्रिएको खाद्य वस्तु नपाइएको | • खाद्य स्वच्छता कायम गरि बिक्री वितरण गर्न निर्देशन दिएको। |
| ३. | ल्याण्डमार्क फुड्स प्रा.लि.,का.म.म.पा.-०१, कमलादी काठमाडौं | • खाने तेलको टि.पी.एम. ३८ पाइएको<br>• सरसफाइ सामान्य रहेको<br>• लेबल विवरण उल्लेख नभएको खाद्य पदार्थ प्रयोगमा रहेको पाइएको<br>• डस्टविनको ढक्कनको व्यवस्था नभएको<br>• म्याद नाघेको १ लिटर प्रशोधित दूध फ्रिजमा पाइएको<br>• शाकाहारी र मांसाहारी खाद्य पदार्थ सँगै भण्डारण गरेको | • टि.पी.एम. ३८ भएको अन्दाजी २० लिटर खाने तेल र म्याद नाघेको १ लिटर दूध नष्ट गरेको।<br>• लेबल विवरण भएको खाद्य पदार्थहरू मात्र बिक्री वितरण गर्ने, सरसफाइ अझ प्रभावकारी बनाई खाद्य स्वच्छता कायम राख्न निर्देशन दिएको। |
| ४. | किंग्स स्यान्को कट्टी रोल, का.म.म.पा.-०१, | • सरसफाइ सामान्य रहेको<br>• खाने तेलको टि.पी.एम. ९.५ पाइएको<br>• डस्टविनको ढक्कनको व्यवस्था नभएको<br>• शाकाहारी र मांसाहारी खाद्य पदार्थ एउटै प्यानमा पकाउने गरेको | • ढक्कन सहितको डस्टविन प्रयोग गर्ने, शाकाहारी र मांसाहारी खान पकाउन अलग्गै प्यानको व्यवस्था गर्ने र खाद्य स्वच्छता कायम राख्न निर्देशन दिएको। |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५. | मान्द्रो थकाली भान्छा घर एड फास्ट फुड, का.म.म.पा.-०१, काठमाडौं | • किचनको अवस्था फोहर पाइएको<br>• किचनमा अस्वभाविक गन्ध पाइएको<br>• डस्टबिनको ढक्कनको व्यवस्था नभएको<br>• खाने कुरा छोपेर नराखेको<br>• शाकाहारी र मांसाहारी खाद्य पदार्थ सँगै भण्डारण गरेको<br>• खाने तेलको टि.पी.एम. २५.५ पाइएको<br>• लेबल नभएको सिन्के चाउचाउ प्रयोग गरेको पाइएको | • टि.पी.एम. २५.५ करिब ५ लिटर खाने तेल र लेबल विवरण नभएको २ केजी सिन्के चाउचाउ नष्ट गरेको।<br>• कैफियत देखिएका क्षेत्रमा सुधार गर्ने र ७ दिन भित्र दिएको सम्पूर्ण निर्देशन पुरा गरि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा उपस्थित हुन निर्देशन दिएको। |
| ६. | पवन स्विट्स प्रा.लि., का.म.म.पा.-०१, काठमाडौं | • खाने तेलको टि.पी.एम. ९.५ पाइएको<br>• लेबल विवरण उल्लेख नभएको खाद्य पदार्थ प्रयोगमा रहेको<br>• सरसफाइमा कमी रहेको<br>• विना अनुमति खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गरेको | • सरसफाइमा सुधार गरि खाद्य स्वच्छता कायम गर्ने र सुधारको लागि दिएको निर्देशन पुरा गरि ३ दिन भित्र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा उपस्थित हुन निर्देशन दिएको। |
| ७. | टिमुरे रेष्टुरेन्ट, कमलादी | • खाने तेलको टि.पी.एम. १८ पाइएको<br>• सरसफाइमा कमी रहेको<br>• भाँडा माझ्ने र पकाउने स्थान सँगै रहेको हुँदा भुइँ लगायतका स्थानहरू फोहर अवस्थामा पाइएको<br>• लेबल विवरण नभएको खाद्य सामग्रीहरू प्रयोगमा रहेको<br>• खाद्य पदार्थ नछोपी राखेको | • लेबल विवरण पूर्ण भएको खाद्य पदार्थहरू मात्र प्रयोग गर्ने, सरसफाइ राख्ने, खाद्य पदार्थहरू छोपेर राख्ने, भाँडा माझ्ने स्थानलाई व्यवस्थित गर्ने र खाद्य स्वच्छता कायम राख्ने निर्देशन दिएको। |
| ८. | डाँफे फुड इन्डस्ट्रिज प्रा.लि., तारकेश्वर न.पा-०६ | • उद्योग परिसरको सरसफाइ पर्याप्त नभएको<br>• कामदारको व्यक्तिगत सरसफाइ सन्तोष जनक नरहेको<br>• उद्योग परिसरमा समानहरू अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• Pest Control पर्याप्त नपाइएको | • नियमित रूपमा उत्पादन स्थलको सरसफाइ गर्ने, कामदारको सरसफाइमा विशेष ध्यान दिने, Pest Control को व्यवस्था थप प्रभावकारी बनाउने, उपभोग्य गिति समाप्त भए नभएको यकिन गरि मैदा लगायतका कच्चा पदार्थ प्रयोग गर्ने, र गुणस्तरीय उत्पादन विक्री वितरण गर्ने निर्देशन दिएको। |
| ९. | प्रक्रिसु फेमिली स्टोर्स, तारकेश्वर न.पा-०६ | • फ्रिजको सरसफाइ सामान्य रहेको<br>• केही कुल्फीहरूमा लेबल विवरण स्पष्ट नभएको | • फ्रिजको नियमित सरसफाइ गर्ने, Pest Control को व्यवस्था मिलाउने, खाद्य अनुमति प्राप्त उद्योगबाट उत्पादित कुल्फी तथा आइसक्रिम जन्य पदार्थ विक्री |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | वितरण गर्ने र उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ बिक्री वितरण नगर्न निर्देशन दिएको। |
| १०. | सजल फुड प्रोडक्ट एण्ड प्याकिंग, तारकेश्वर न.पा-०६ | • सरसफाइमा अवस्था सन्तोष जनक नरहेको<br>• Pest Control को लागि पर्याप्त व्यवस्था नभएको<br>• Vegetable Sauce बनाउन विभिन्न थरिका pumpkin, carrot, onion आदि कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरेको | • सरसफाइमा सुधार गरि गुणस्तरीय सास उत्पादन गर्न बिक्री वितरण गर्न, लेबलमा उल्लेख भए बमोजिमका कच्चा पदार्थ मात्र प्रयोग गरि सास बनाउन र Pest Control को व्यवस्था मिलाउने निर्देशन दिएको। |
| ११. | शिवाय इन्डस्ट्रिज प्रा.लि., तारकेश्वर न.पा-०२ | • कामदारले व्यवस्थित Hairnet, mask, gloves नलगाई जार फिलिंग र क्यपिंग गरेको<br>• ७ वटा पुराना तथा कुच्चिएका संक्रमण हुन सक्ने जार प्रयोग गरेको<br>• पानी प्रशोधन निर्देशिका बमोजिम अभिलेखहरू नराखेको<br>• प्रयोगशाला नभएको | • प्रशोधित पिउने पानी उत्पादन मापदण्ड निर्देशिका बमोजिम पालना गरि व्यवसाय संचालन गर्ने, कामदारको सरसफाइ मा ध्यान दिने, संक्रमण न्यूनीकरण गर्न कामदारले Hairnet, mask, glovesआदि लगाउने निर्देशन दिएको |

ज्योत्स्ना श्रेष्ठ
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८२/०६/०८

Scanned with CamScanner